# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १, संख्याः ३६, मितिः २०८१/०१/२४

## भाग -२

## हरित विद्यालय प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावना:** शैक्षिक संस्थाहरू र वरपरको क्षेत्रमा व्यापक हरियाली विकास मार्फत पृथ्वीको वहन क्षमता अभिवृद्धि गर्न, वातावरण प्रदूषणबाट जैविक विविधतामा परेको असर न्यूनीकरण गर्दै पारिस्थितिक पद्धतिमा सन्तुलन कायम गर्न, भावी पुस्तालाई स्वच्छ एवम् हरित पृथ्वी हस्तान्तरण गर्न, शिक्षाका माध्यमबाट विद्यार्थी तथा आम जनसमुदायमा वातावरणमैत्री व्यवहार विकास गर्न, दिगो विकासको लक्ष्य हासिल गर्नका निम्ति विद्यालय तथा शैक्षिक संस्थाको परिसर र सेवाक्षेत्रमा व्यापक हरियाली प्रवर्द्धन गर्न एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माणको कार्यलाई प्रभावकारी रूपले अगाडि बढाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यो "हरित विद्यालय प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०" बनाएको छ।

## परिच्छेद - १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ यो कार्यविधिको नाम "हरित विद्यालय प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०" रहेको छ ।

१.२ यो कार्यविधि लेकम गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**१.३ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले "हरित विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि , २०८०" सम्झनुपर्छ।

ख) "गाउँपालिका" भन्नाले लेकम गाउँपालिकालाई सम्झनुपर्छ ।

ग) "गाउँसभा" भन्नाले लेकम गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

घ) "गाउँकार्यपालिका" भन्नाले लेकम गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

ङ) "प्रमुख" भन्नाले लेकम गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

च) "कार्यक्रम" भन्नाले एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रमलाई सम्झनुपर्छ ।

छ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको नेतृत्व वहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनुपर्छ ।

ज) "बृहत् हरित क्षेत्र" भन्नाले विद्यालयको परिसर वा सेवा क्षेत्रभित्र रहेको खाली जग्गा वा सार्वजनिक जग्गा वा बुट्यान क्षेत्रभित्र विद्यालय र समुदायको प्रयासमा वृक्षारोपण गरी बनाइएको हरियालीयुक्त क्षेत्र सम्झनुपर्छ र सो शब्दले हाल कायम रहेको हरियाली क्षेत्रलाई समेत जनाउँछ ।

झ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सार्वजनिक तथा निजी लगानीका विद्यालय सम्झनुपर्छ र मदरसा, गुम्बा र बिहार, गुरुकुल र आश्रम, विशेष शिक्षाको स्रोतकक्षाहरूलाई समेत जनाउँछ

ञ) "स्थानीय तह" भन्नाले लेकम गाउँपालिकालाई सम्झनुपर्छ।

ट) "सम्पर्क शिक्षक" भन्नाले विद्यालयले हरित क्रियाकलापको विशेष जिम्मेवारी दिएको शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरू

२.१ एक विद्यालय एक बगैंचा तथा बृहत् हरितक्षेत्र निर्माण कार्यक्रमको मुख्य लक्ष्य प्रत्येक विद्यालयमा कम्तीमा पनि एउटा बगैंचा निर्माण र विद्यालय सेवाक्षेत्रका सार्वजनिक स्वामित्वमा रहेको खाली जमिनमा वृक्षारोपण गरी हरियालीयुक्त वातावरण बनाउनु रहेको छ ।

२.२ कार्यविधिको उद्देश्यः यो कार्यविधिमा देहायका उद्देश्यहरू रहेका छन्ः

क) विद्यालयको वातावरण सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउने ।

ख) विद्यालयलाई आकर्षक र मनोरम स्थलको रूपमा विकास गर्ने।

ग) विद्यालयलाई एक जीवित प्रयोगशाला ( Living Laboratory ) को रूपमा विकास गर्ने ।

घ) विद्यार्थीले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र जीवनोपयोगी बनाउने ।

ङ) विद्यार्थीहरूलाई परियोजनामा आधारित सिकाइका माध्यमबाट वास्तविक अनुभव दिलाउनुका साथै आत्मनिर्भरतामा जोड दिने ।

च) प्रत्येक विद्यालयमा जैविक बगैंचा निर्माण गरी विद्यार्थीहरूलाई पोषकतत्व खानेकुराको ज्ञान, सिप र अभिवृत्तिको विकासमा टेवा पुर्याउने ।

छ) विद्यालयलाई उदाहरणीय हरित केन्द्रको रूपमा विकास गरी समुदायको लागि अनुकरणीय सिकाइ केन्द्र बनाउने ।

ज) विद्यालय सेवाक्षेत्रभित्रका खाली सार्वजनिक जग्गामा वृक्षारोपण गरी हरित क्षेत्र निर्माणमा सहयोग पुर्याउने ।

झ) विद्यालय सेवाक्षेत्रभित्र वातावरण संरक्षण गर्न विद्यार्थी, शिक्षक, अभिभावक र समुदायलाई परिचालन गर्ने।

## परिच्छेद - ३

## कार्यक्रम कार्यान्वनयका लागि संरचनात्मक व्यवस्था

३.१ एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रम कार्यान्वयनको लागि देहायको संगठनात्मक संरचना निर्माण र परिचालन गरिने छः

**३.१.१ पालिकास्तरीय कार्यक्रम कार्यान्वयन समितिः** गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय तहमा कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, सहजीकरण र रेखदेख गर्नको लागि कार्यक्रम सम्बद्ध सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी बढीमा ९ सदस्यीय तपसिलको पालिकास्तरीय कार्यक्रम कार्यान्वयन समिति रहनेछः

क. गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. सामाजिक विकास समितिका संयोजक - सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ. कृषि शाखा प्रमुख - सदस्य

च. पशु शाखा प्रमुख - सदस्य

छ. विपत शाखा प्रमुख - सदस्य

ज. स्थानीय स्तरमा सञ्चालित वातावरण संरक्षण क्षेत्रमा काम गर्ने संघ संस्थामध्ये समितिले तोकेको १ जना प्रतिनिधि - सदस्य

झ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**३.१.२ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः** प्रत्येक विद्यालयमा व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा देहायबमोजिमको एक हरित कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित वडाले तोकी पठाएको प्रतिनिधि एक जना - सदस्य

ग) विद्यालयका प्रधानाध्यापक - सदस्य

घ) शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य

ङ) गैरसरकारी संस्था वा स्थानीय शिक्षाप्रेमीहरू मध्येबाट अध्यक्षले मनोनित गरेका एक जना - सदस्य

च) वन उपभोक्ता समितिका अध्यक्ष र अभिभावकहरूमध्येबाट समितिले मनोनित गरेको कम्तीमा एक जना महिलासहित दुई जना - सदस्य

छ) विद्यालयका इको क्लबका अध्यक्ष - सदस्य

ज) सम्पर्क शिक्षक - सदस्य सचिव

**३.२ इको क्लबसम्बन्धी व्यवस्थाः**

३.२.१ एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रमलाई प्रभावकारी रूपमा सहभागितामूलक तरिकाबाट सञ्चालन गर्न, विद्यार्थी तथा अभिभावकहरूबीच सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र विद्यार्थीबाट कार्यक्रम सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्न गराउनका लागि प्रत्येक विद्यालयमा इको क्लब रहनेछ ।

३.२.२ इको क्लबको प्रमुख संरक्षक विद्यालयका प्रधानाध्यापक र सम्पर्क शिक्षक (Focal Teacher) संरक्षक रहने छन् ।

३.२.३ विद्यालयमा अध्ययनरत विद्यार्थीबाट इको क्लब कार्यसमिति गठन गर्न सकिनेछ । उक्त कार्य समितिको कार्यकाल दुई वर्षको हुनेछ । पठनपाठनको अवधि समाप्त भई वा अन्य कुनै कारणबाट इको क्लब कार्यसमितिको पद रिक्त हुन गएमा रिक्त भएको १ महिनाभित्र पदपूर्ति गर्नुपर्ने छ । प्रत्येक २ वर्षको अवधि पूरा भएपछि इको क्लबको कार्यसमिति क्लबका साधारण सदस्यहरूको साधारण सभाबाट पुनर्गठन हुनेछ ।

३.२.४ आधारभूत तहमा बढीमा ९ र माध्यमिक तहमा ११ देखि १५ जनासम्मको कार्य समिति सामूहिक छलफलको माध्यमबाट गठन हुनेछ । जसमा कम्तीमा ३३ प्रतिशत छात्रा हुने गरी अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना र बाँकी सदस्य चयन गरिनेछ ।

३.२.५ एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रममा सक्रिय सहभागी भई उद्देश्य प्राप्तिमा सहयोग गर्नु इको क्लबको कर्तव्य हुनेछ । इको क्लबको गठन प्रक्रिया, बैठकसम्बन्धी कार्यविधि, साधारण सदस्यता, कोषको सञ्चालन र अन्य काम, कर्तव्य र अधिकार सो क्लबको विधानमा उल्लेख भएअनुसार हुनेछ ।

३.२.६ इको क्लबको आफ्नो छुट्टै एउटा कोष हुनेछ । उक्त कोषमा देहायबमोजिमका रकम जम्मा गर्न सकिनेछः

क) विद्यालयबाट प्राप्त अनुदान रकम,

ख) विद्यार्थीहरूबाट प्राप्त सहयोग रकम,

ग) अभिभावकबाट प्राप्त सहयोग रकम,

घ) पूर्व विद्यार्थीबाट प्राप्त सहयोग रकम,

ङ) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान र सहयोग रकम,

च) स्थानीय शिक्षाप्रेमी, व्यापारी, प्रतिष्ठान, उद्योगबाट प्राप्त सहयोग रकम,

छ) विद्यार्थीहरूले तयार गरेको सामग्री बिक्रीबाट प्राप्त रकम,

ज) इको क्लबबाट सञ्चालन गरिएका नर्सरी, तरकारी, फलफूल, फूल जस्ता सामग्री बिक्रीबाट प्राप्त रकम,

झ) विद्यालयमा खेर गएको उपकरण वा सामान बिक्री गरेर प्राप्त रकम,

ञ) साधारण सदस्यबाट उठेको र अन्य रकम ।

३.३ एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रम कार्यान्वयनका लागि गठित विभिन्न तहको समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

३.४ विभिन्न तहमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

## परिच्छेद - ४

## हरित विद्यालय कार्यक्रमको कार्यक्षेत्र

४.१ विद्यालय परिसरभित्र बगैंचा तथा हरित क्षेत्र निर्माण सम्बन्धी कार्यक्षेत्रः

क) विद्यालयमा हरित बगैंचा,

ख) विद्यालयमा हरित घेराबार (जैविक घेराबार),

ग) औषधिजन्य जडिबुटी बिरूवाहरूको बगैंचा,

घ) सदाबहार तथा मौसमी फूलबारी,

ङ) छत, बरन्डा, करिडोर आदिमा गमलामा अर्नामेन्टल बिरुवा तथा आकर्षक फूलका बिरुवाहरू,

च) अन्य विभिन्न बिरुवाहरू (धूपी, अशोका, साइकस, क्रिसमस ट्रि आदि),

छ) फलफूलका बिरुवाहरू (अम्बा, आँप, लिची, स्याउ, नासपाती आदि) सहितको बगैंचा,

४.२ विद्यालय सेवाक्षेत्रमा रहेको खाली जग्गामा हरित क्षेत्र निर्माण सम्बन्धी कार्यक्षेत्रः

क) सार्वजनिक तथा बाँझो सार्वजनिक जग्गामा विभिन्न किसिमका वृक्षारोपण,

ख) तरकारी खेती,

ग) फलफूल खेती,

घ) काष्ठजन्य बिरुवाहरू,

ङ) जडिबुटी र औषधीजन्य बोटबिरुवा,

च) बृहत् वृक्षारोपण,

छ) बाटो तथा सडकको साइडमा उपयुक्त वृक्षारोपण र हरित सडक निर्माण ।

४.३ अन्य कार्यक्षेत्रः

क) इको पुस्तकालयको स्थापना,

ख) जैविक संग्रहालय निर्माण,

ग) एक्वारियम, हर्बेरियम निर्माण, संकलन र संरक्षण ।

## परिच्छेद - ५

## हरित विद्यालय कार्यक्रम कार्यान्वयनको आधार तथा मापदण्डहरू

५.१ विद्यार्थीहरूको रुचि, क्षमता, सिकाइस्तर, विद्यालयको खाली जग्गा, हावापानी समेतको आधारमा विद्यालयले हरित क्षेत्र निर्माणका लागि परिच्छेद ४ बमोजिमको क्षेत्रमध्ये कुनै वा सबै क्षेत्र छनौट गर्नुपर्ने छ ।

५.२ सबै विद्यालयहरूले **एक विद्यालय एक बगैंचा** तथा बृहत् **हरित क्षेत्र निर्माण कार्यक्रम** अनिवार्य रूपमा सञ्चालन गर्नु पर्नेछ । प्रत्येक विद्यालयले विद्यालय परिसरभित्र कम्तीमा एउटा बगैंचा निर्माण गर्नु पर्नेछ

५.३ खाली जग्गा ज्यादै कम भएका विद्यालयहरूले गमला, कौसी, बोरा, पर्खाल, बरन्डा, छत लगायतका उपयुक्त स्थान र तरिका छनोट गरी बगैंचा निर्माण गर्नु पर्नेछ ।

५. ४ विद्यालयको भवन, कक्षाकोठा, शौचालयले ओगटेको जग्गाको अतिरिक्त १ रोपनीभन्दा कम जग्गा भए फूलबारी, अर्नामेन्टल विरुवा र औषधीजन्य (हर्बल) विरुवाहरू रोप्नु पर्नेछ ।

५.५ खाली जग्गा ५ रोपनीसम्म हुने विद्यालयहरूले फूलबारी, औषधीजन्य बिरुवाहरू र तरकारी बगैंचा वा अन्य उपयुक्त खालका विरुवाहरू लगाई हरित क्षेत्र निर्माण गर्नुपर्नेछ ।

५.६ खाली जग्गा २० रोपनीसम्म हुने विद्यालयहरूले फूलबारी, औषधीजन्य रूखहरू, तरकारी बगैंचा र फलफूल लगाउनु पर्नेछ । सोभन्दा बढी खाली जग्गा भएकोमा यसका अतिरिक्त भौगोलिक अवस्था र सुरक्षा समेतलाई दृष्टिगत गरी माछापालन वा माहुरीपालन थप गर्न सकिनेछ ।

५.७ विद्यालय परिसर र विद्यालय सेवाक्षेत्रभित्र वृक्षारोपण, सरसफाइ, पानीका मुहान संरक्षण गर्नुपर्नेछ ।

५.८ विद्यार्थी, अभिभावक र समुदायमा आफ्नो विद्यालयको वातावरण संरक्षणसम्बन्धी जनचेतना जगाउनु पर्नेछ।

५. ९ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूले बाली विज्ञान वा पशुपालन विषय सञ्चालन गरेको भए थप बगैंचा प्रयोगशालाको रूपमा तयार गर्नु पर्नेछ ।

५.१० विद्यालयहरूले स्थानीय तह, सामाजिक संस्था, गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा **एक विद्यालय एक बगैंचा** तथा बृहत् **हरित क्षेत्र निर्माण कार्यक्रम** सञ्चालन गर्न सक्नेछ ।

५.११ विद्यालयको आफ्नो स्वामित्वमा रहेको जग्गा लिजमा वा अन्यलाई भाडामा दिन पाउने छैन ।

## परिच्छेद - ६

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

६.१ गाउँपालिकाले कार्यविधि तयार गर्ने, आवश्यकताअनुसार संशोधन एवम् परिमार्जन गर्ने र प्रोत्साहन अनुदानको व्यवस्था गर्ने ।

६.२ हरित विद्यालय कार्यक्रम कार्यान्वयन स्रोत पुस्तिका तयार गर्ने र जिल्ला तहसम्म प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

६.३ स्थानीय तहले आवश्यक स्रोत विनियोजन, कार्यक्रम कार्यान्वयनको रेखदेख, व्यवस्थापन, समन्वय, सहजीकरण, निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

६.४ स्थानीय तहले सम्पर्क शिक्षकलाई सहजीकरण गर्ने, समन्वय गर्ने, आपसी सहयोगको वातावरण सिर्जना गर्ने ।

६.५ विद्यालयले सम्पर्क शिक्षक तोक्ने, आवश्यक स्रोतसाधन संकलन र प्रयोग गर्ने विद्यालय बगैंचामा शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई परिचालन गर्ने, विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय र

सहकार्य गर्ने ।बृहत् हरित क्षेत्र निर्माणका लागि वृक्षारोपण गर्ने, संरक्षण गर्ने, बारबन्धन गर्ने, विरुवा हुर्काउने लगायतका कार्यहरू गर्ने ।

६.७ प्रत्येक विद्यालयले विद्यार्थीहरूको इको क्लब बनाउने, सो क्लबको कार्यकारी समिति गठन गरी पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने, क्लबको विधान तयार गरी कार्यान्वयन गर्ने, कार्यक्रम सञ्चालनमा क्लबको परिचालन गर्ने जस्ता कार्यहरू गर्ने ।

६.८ विषयवस्तु मिल्दो शिक्षण क्रियाकलाप, सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप र अन्य जीवनोपयोगी क्रियाकलाप सञ्चालनमा इको क्लबको परिचालन गर्ने ।

६.९ सबै इको क्लबले आफ्नो विद्यालयको शैक्षिक तथा भौतिक अवस्थालाई दृष्टिगत गरी विधान तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृति भएपछि लागू गर्ने । विधानको ढाँचा सामान्यतया अनुसूची १ अनुसारको हुनेछ।

## परिच्छेद - ७
## विविध

७.१ विद्यालयले समय समयमा मूल्याङ्कन गरी उत्कृष्ट विद्यार्थी र सदनलाई सम्मान वा पुरस्कृत गर्ने व्यवस्था मिलाउनु पर्छ ।

७.२ यस कार्यक्रममा शिक्षक तथा कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी, कक्षा ४ देखि माथिका विद्यार्थीहरू र स्वैच्छिक रूपमा अभिभावक तथा स्थानीय शिक्षाप्रेमीहरूले भाग लिनेछन् । कक्षा ३ र सोभन्दा तल्लो कक्षाका विद्यार्थीहरूलाई अवलोकन कार्यमा मात्र संलग्न हुनेछन् ।

७.३ विद्यार्थीहरूलाई विभिन्न सदनमा विभाजन गरी पालैपालो भाग लिने अवसर दिनुपर्नेछ । क्षमता र उमेरलाई ध्यानमा राखी विद्यार्थीहरूलाई विभिन्न शारीरिक कार्य गर्न प्रोत्साहित गरिनेछ । विद्यार्थीको इच्छा, चाहना, रुचि अनुसारका कार्यक्रममा परिचालन गरिनेछ ।

७.४ शिक्षक, कर्मचारी र विद्यार्थीहरूले विद्यालयको जग्गालाई पूर्ण उपयोग गर्न नसक्ने अवस्था सिर्जना भएमा उचित पारिश्रमिक दिई अन्य कामदार लगाउन सकिनेछ । सम्भव भएसम्म बगैंचाको आम्दानीबाट पारिश्रमिक दिई यसलाई दिगो बनाउने प्रयत्न गर्नुपर्नेछ ।

७.५ विद्यालय बगैंचालाई सिकाइ र मनोरञ्जनसँग जोड्नु पर्नेछ ।

७.६ विद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रममा सजावट, अतिथि सत्कार, स्वागत, सम्मान जस्ता कार्यमा आफ्नै बगैंचाको फूल, फूलको माला, बोटविरुवाको पात वा अन्य यस्तै वस्तुको प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ८
## कार्यविधिको संशोधन र व्याख्या

८.१ यस कार्यविधिको संशोधन तथा परिमार्जन गाउँकार्यपालिकाबाट गर्न सकिनेछ ।

८.२ यस कार्यविधि प्रचलित शिक्षा ऐन तथा नियमावली र अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग बाँझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

८.३ यस कार्यविधिमा भएको प्रावधान थप स्पष्ट गर्नुपर्ने भएमा कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ ।

अनुसूची - १

## इको क्लबको विधानको ढाँचा

१. प्रस्तावना
२. इको क्लबको नाम र ठेगाना
३. उद्देश्यहरू
४. सदस्यता प्राप्ति र समाप्ति
५. साधारण सदस्यहरूको काम, कर्तव्य र अधिकार
६. कार्य समितिको गठन
७. कार्य समितिको काम, कर्तव्य र अधिकार
८. बैठक सञ्चालन प्रक्रिया
९. प्रमुख संरक्षकको काम, कर्तव्य र अधिकार
१०. संरक्षकको काम, कर्तव्य र अधिकार
११. आर्थिक व्यवस्था र कोष सञ्चालन
१२. वार्षिक कार्यक्रम तयारी र स्वीकृति
१३. कार्यसमिति विघटन
१४. अनुगमन र मूल्याङ्कन
१५. विधान संशोधन
१६. क्लबबाट सम्पादन हुने मुख्य मुख्य कार्यक्रमहरू
१७. विविध

लेकम गाउँपालिका

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत